# इस्लाममा ईश्वर प्रतिको धारणा

For a complete list of flyers click here
or visit us online

www.islamicic.com/flyers

سبيلك للسلام

*Your Path To Peace..*

# इस्लाममा ईश्वर प्रतिको धारणा

7 - NEPALI | مفهوم الإله في الإسلام (2/10) | FREE COPY

## सृष्टिकर्ता भन्दा महान अरू कोही छैन।


Dar Al Ber Society
www.daralber.ae

*Your Path To Peace..*

مركز المعلومات الإسلامية
Islamic Information Center
التعريف بالإسلام
www.islamicic.com

تصريح رقم: (2017/139) دائرة الشؤون الأسلامية والعمل الخيري

# के ईश्वर हुनुहुन्छ ?

ईश्वर माथि विश्वास गर्नुको धेरै कारणहरू छन,
तिन कारणहरू तल वर्णन गरिएको छ :

## १ . ब्राह्मणको व्यवस्थापन

मानौं कि तपाई समुद्रको किनारमा हिडिरहनु भएको छ र बालुवामा एउटा घडी भेटाउनु भयो। के तपाई विश्वास गर्न सक्नुहुन्छ कि त्यो घडी आफै त्यहाँ पुगेको होला ? तपाई यो निष्कर्षमा पुग्नु भएन होला कि त्यो घडी बालुवाबाट आफैं अचानक रूपमा निस्केको हो । अवश्य पनि सबै कामकार्यहरू जमिनमा गाडिएको सामाग्रीहरूले विकाश भइरहेको छैन। त्यो घडीको निर्माता अवश्य पनि होला। यदि घडीले सही समय बताउँछ भने हामी आशा गर्छौं कि निर्माता अवश्य पनि बुद्धिमान होला। प्राकृतिक संयोगले एउटा सुचारू घडी उत्पादन गर्न सक्दैन।

पृथ्वी र ग्रहहरूलाई विचार गरौं। उसको समय निरन्तर रूपमा सुर्यको वरिपरि नियमित घुम्छ, तसर्थः वैज्ञानिकहरूले सूर्योदय र सूर्यास्तको समय अग्रिम रूपमा प्रकाशित गर्न सक्छन। यस्तै एउटै घडीलाई सही समय राख्नको लागि एक बौद्धिक निर्माता भए जस्तै पृथ्वी सूर्यको वरिपरि सही समय राख्न एक बौद्धिक निर्माता हुनुपर्छ। के यो आफै हुन सक्छ ?

त्यही अनुसार, जब हामी व्यवस्थापन, सही तरिकाहरू र सबै प्रणालीहरू आफु र सम्पूर्ण संसार भित्र देख्छौं, के यो संसारको एउटा आयोजक भएको तर्क दिदैन ? त्यो आयोजकको व्याख्याले नै ईश्वरको अस्तित्वलाई जनाउँछ जसले संसारमा व्यवस्थापनलाई ल्याई दिनु भयो।

## २ . ब्राह्मणको शुरूआत

आधुनिक विज्ञानले यो निष्कर्ष निकालेको छ कि यो ब्राह्मणको एक शुरूवात भईरहेको छ।

यो हालको खोजमा आधरित छ कि यो ब्राह्मण विस्तार भई रहेको छ। यदि केही समय पछाडी हामी गयौ भने यो ब्राह्मण एका तिर झुक्छ जसले शुरूवातलाई दर्शाउँछ। यहाँ तीनवटा सम्भावित स्पष्टी करणहरू छन।

१ . ब्राह्मण कुनै चिजबाट आएको छैन।
२ . ब्राह्मणको उत्पत्ति आफै भएको हो।
३ . ब्राह्मणलाई बनाईएको थियो।

मानव अनुभवले हामीहरूलाई यो कुरा दर्शाउँछ कि केही कुरा जसको शुरूवात हुन्छ त्यो कुनै न कुनै चिजबाट अवश्य आएको हुनुपर्छ।

दोस्रो व्याख्याको आधारमा साधारण तर्कबाट के थाहा हुन्छ भने कुनै चिजको अस्तित्व नभई उसले केही गर्न सक्दैन। त्यसैले तेस्रो बिन्दु मात्र बाँकी राख्छ जो कि तर्क संगत व्याख्या हो अर्थात एक उच्च र बौद्धिक सत्य ईश्वर हुनुहुन्छ, जसले यो ब्राह्मणको सृष्टी गर्नु भयो।

कसैले सोध्न सक्छ,"ईश्वरलाई कसले बनायो ?" ईश्वर, सृष्टिकर्ता आफ्नो सृष्टि देखि धेरै फरक हुनुहुन्छ। यदि उहाँ सृष्टि जस्तै हुनु भएको भए उहाँलाई बनाउने पनि कोही चाहियो, यति धेरै मात्रामा सृष्टिको अगुवाई गर्नु असम्भव होला। उहाँ यस ब्राह्मणमा भएको समय र शरीर देखि टाढा हुनुहुन्छ। सत्य ईश्वरको अस्तित्व सधैं देखि रहि आएको छ र उहाँको कुनै शुरूवात छैन। त्यसैले ईश्वरलाई कसले बनायो भन्ने प्रश्न गर्नु नै अतार्किक र अविवेकी छ।

## ३ . परमेश्वरको वाणी

यदि सत्य ईश्वर मानव जातिको मार्गदर्शनको लागि एक पुस्तक अवतरित गर्नुहुन्छ भने, यस्तो किताब ईश्वरको अस्तित्वको स्पष्ट प्रमाणलाई समावेश गरेको हामी अपेक्षा गर्नेछौं।

कुरआन इस्लाम धर्मको मुल ग्रन्थ, ईश्वरको वाणी हो भन्ने स्पष्ट संकेतहरू छन्। तल त्यस कारणहरूका संक्षिप्त सारांश दिएको छ जुन यो दाबीलाई सहयोग गर्छ।

- कुरआन १४०० वर्ष पहिला अवतरित भएको ग्रन्थ हो। धेरै वैज्ञानिक तथ्यहरू यसमा पाईन्छ जो कि त्यो समयका मानिसहरू त्यस बारे अनभिज्ञ थिए जो कि हालै समकालीन विज्ञान द्वारा मात्र खोज गरियो। उदाहरणको रूपमा कुरआनमा यस प्रकार दिएको छ, सबै जीवित प्राणीहरूको पानीबाट उत्पत्ति हुनु (कुरआन २१:३०), ब्राह्मणको विस्तार हुनु (कुरआन ५१:४७), र सुर्य र चन्द्रको आ-आफ्नो ग्रह-कक्ष्य हुनु। (कुरआन २१:३३),
- कुरआनमा धेरै ऐतिहासिक तथ्यहरू छन् यसबाट त्यस बेलामा मानिसहरू अनभिज्ञ थिए साथै धेरै भविष्यवाणीहरू जो कि सही प्रमाणित भइसकेको छन्।
- कुरआनबाट प्रमाणित भईसकेको छ कि यसमा कुनै पनि त्रुटी वा विरोधभास छैन।
- कुरआनलाई आफ्नो वास्तविक अरबिक भाषामा, आफ्नो अवतरित भएको समय देखि नै शब्द शब्द संरक्षण गरि सकिएको छ, यसको विपरीत अरू धर्म शास्त्रहरू आफ्नो वास्तविक रूपमा धेरै समय सम्म रहेनन्।
- कुरआनको सरल, शुद्ध र विश्वव्यापी संदेश मानवको सर्वशक्तिमान ईश्वर प्रति निहित विश्वासलाई याचना गर्नु हो।
- कुरआन अगमवक्ता मुहम्मद (उहाँ माथि शान्ति होस ) माथि अवतरित भयो जो इतिहासमा अशिक्षित देखिएको छ। अहिले सम्म कुरआनको एक अलग भाषा शैली छ जो विश्वव्यापी रूपमा प्रसिद्ध र अरबीको बोलीचालीको भाषामा उच्च र सौन्दर्य श्रेणीमा राखिएको छ।

धेरै अलग र चमत्कारी पक्षहरूको अधिकांश तर्क संगत व्याख्या नै यो हो कि कुरआन ईश्वरबाट आएको किताब हो।

# ईश्वरको हुन् ?

"र सबैको ईश्वर अल्लाह एउटै हुनुहुन्छ। उहाँ बाहेक अरू कोही सत्य ईश्वर छैन।" (कुरआन २:१६३ )

'अल्लाह' एक सत्य ईश्वरको नाम हो।
कुनै चिजलाई पनि अल्लाह भन्नु मिल्दैन।
यस शव्दको कुनै बहुवचन वा लैंगिक शब्द छैन जसो कि अंग्रेजी शब्दमा 'गड' को बहुवचन र स्त्री लिंग (गोड्स, गोडेस) हुन्छ। अल्लाह शब्दको अर्थ यो हो कि इस्लामलाई एक ईश्वरको शुद्धता र विश्वासलाई दर्शाउँछ।

इस्लामको मुख्य सुन्दरता ईश्वर प्रति कुनै सम्झौता बिना उसको पूर्ण रूपमा पुर्णता, महानता र अलग पहिचान हो। यो इस्लाममा ईश्वरको विशेषताको शुद्ध शिक्षाको प्रतिबिम्बत हो।

## ईश्वर एक र अलग हुनुहुन्छ

- सत्य ईश्वरको न कोही साझेदार, न बराबरी न त कुनै प्रतिद्वन्दी छ।
- सत्य ईश्वरको न कुनै आमा, बुबा, छोरा, छोरी वा पत्नी छन्।
- हरेक प्रकारको पूजाको योग्य मात्र सत्य ईश्वर अल्लाह नै हुनुहुन्छ।
- यदि कसैले एक भन्दा धेरै ईश्वर छ भन्छ भने, त्यो उसको ईश्वर प्रतिको शक्ति वा अज्ञानताको कमिको छाप हो, यो त ईश्वरलाई प्रति द्वन्दीमा सम्झौता बनाउन वा अरू ईश्वर सँग सम्झौताको आवश्यकतामा समावेश हुनु हो।

## सत्य ईश्वर सर्व-शक्तिमान हुनुहुन्छ।

- सत्य ईश्वरलाई सबै कुराहरूमा अधिकार र शक्ति छ।
- सबै कुरा पूर्णतया उहाँको अधिनमा र उहाँ माथि निर्भर छ।
- सत्य ईश्वरको आज्ञाकारी हुनु उसको शक्तिलाई वृद्धि गर्दैन, न त अनाज्ञाकारिताले कुनै तरिकामा उहाँको शक्तिमा कमि ल्याउँछ।

## सत्य ईश्वर सबै भन्दा उच्च हुनुहुन्छ।

- सत्य ईश्वर भन्दा माथि वा उहाँको बराबरमा कोही छैन।
- सत्य ईश्वरको अनुरूप गुणहरू हुनु प्राणीमा उहाँ जस्तै हुनु दर्शाउँदैन।
- सत्य ईश्वरको कुनै पनि भाग कुनै व्यक्ति वा कुनै चिजमा उपस्थित छैन।
- सत्य ईश्वर परिपूर्ण हुनुहुन्छ र मानव सीमितता देखि धेरै टाढा हुनुहुन्छ उदाहरण जस्तै, ब्राह्मणको सिर्जना पछि उहाँले सातौ दिन आराम गर्नु भयो भन्ने, अरू धर्महरूको दाबी छ।

## सत्य ईश्वर परिपूर्ण र दयालु हुनुहुन्छ।

- पापलाई माफ गर्न सत्य ईश्वरले आफुलाई कुनै प्रकारको बलिदान दिनु आवश्यक छैन न त 'कसैको जन्म पापमा भएको हो।'
- सत्य ईश्वरले सबैलाई उसको आफ्नो कर्म अनुसार न्याय गर्नु हुन्छ र हरेकको उसको आफ्नो कार्य अनुसार उत्तरदायी हुन्छ।
- मानिस आफुलाई छुट्याएर र सत्य ईश्वरको पक्ष आस्था, सदगुण र पूण्य शिलताको माध्यमले कमाउन सक्छ, जाति, धन र सामाजिक वर्गको माध्यमले सक्दैन।

## ईसा मसिह (यशु) को स्वभाव

*जब इस्लाममा सत्य ईश्वरको धारणाको बारेमा व्याख्या भईरहेको छ भने यहाँ ईसा मसिह (यशु) को स्थितिको बारे छलफल गर्न महत्वपूर्ण छ, किनकि व्यापक रुपमा भ्रम र दावी येशुको स्वभावबारे फैलिएको छ।*

केही मसिहीहरू 'ईसा मसिह (यशु) नै परमेश्वर हुनुहुन्छ' भन्ने दाबा गर्दछन् साथै उहाँ धर्तिमा परमेश्वरको अवतार हुनुहुन्छ र ईश्वरले मानव भेष धारण गरे रे।
तसर्थ, बाईबल अनुसार येशुको जन्म भयो, उहाँ खानु, सुत्नु प्रार्थना गर्नु हुन्थ्यो र उहाँको ज्ञान सिमित थियो। सबै विशेषताहरू परमेश्वर सँग न मिल्ने। परमेश्वर सँग पूर्ण गुण छ जब कि मानव ठीक त्यसको विपरित छ र ऊ सँग यस्तो पूर्णताको अभावा छ। त्यसैले कसरी कुनै चिज एकै समयमा दुई विपरित परिपूर्ण हुन सक्छ ? यो कुरा तर्क संगत छैन। तसर्थ केही मानिसहरू सोध्न सक्छन 'यदि परमेश्वर केही पनि गर्न सक्छन भने, उहाँ मानिस किन हुनु भएन ?' परिभाषा, अनुसार परमेश्वर भक्तिहिन कार्य गर्दैनन, त्यसैले यदि परमेश्वर मानिस भएको भए र मानवजातिको गुणहरू भयो भने उहाँको अस्तित्व लामो समय सम्म हुदैनथ्यो।
यस बाहेक बाईबलमा धेरै यस्ता पदहरू छन जसमा ईसा मसिह (यशु) को भनाई यस कुरालाई दर्शाउछ कि उनि बाहेक अलग कुनै परमेश्वर वा सत्य ईश्वर छ। उदहारणको लागि, ' ईसा मसिह (यशु) दण्डवत गरे र प्रर्थना गरे।' (मत्ति २६:३६)। यदि ईसा मसिह (यशु) परमेश्वर वा सत्य ईश्वर हुनु भएको भए तब के परमेश्वर दण्डवत गर्छ र प्रार्थना गर्छ ? कसलाई उसले प्रार्थना गर्ने नि ?

केही मसिहीहरू पनि दावा गर्दछन कि ' ईसा मसिह (यशु) परमेश्वरको पुत्र हुनुहुन्छ' तर हामीले आफु सँग सोध्नु पर्छ, वास्तवमा यसको अर्थ के हो ? निश्चय पनि सत्य ईश्वर एक भौतिक र शाब्दिक छोराको शब्द देखि निकै टाढा हुनुहुन्छ। बरू हामी पाउँछौं कि 'परमेश्वर यानि सत्य ईश्वरको छोरा' शब्द प्रतीकात्मक रूपमा 'धार्मिक व्यक्ति'को लागि पुरानो समयमा बाइबतीय भाषामा प्रयोग गरिएको थियो। यो शब्द पुरानो नियमको प्रत्येक भागमा धेरै धार्मिक पुरूष जस्तै दाऊद, सुलेमान र इस्राएलका लागि प्रयोग गरिएको छ, विशेष रूपमा ईसा मसिह (यशु) को लागि होईन।

***".........इस्राएल मेरो जेठो छोरा हो ।"***

(प्रस्थान ४:२२) यो एउटा उदाहरण भयो।

*" यो अल्लाहको लागि उपयुक्त छैन कि उहाँको कुनै छोरा होस्, उहाँ त पूर्ण र निष्पाप हुनुहुन्छ।" (कुरआन १९:३५)*

इस्लामिक आस्था ईशा मसिह (यशु) को बारेमा बताउँछ कि वास्तविक ईशा मसिह (यशु) को थिए, उहाँको शुद्ध उपासना, महानता र आस्था सत्य ईश्वर प्रति थियो। ईशा मसिह (यशु) सत्य ईश्वर पठाइएका एक आदरणिय अगमवक्ता यानि संन्देशटा

हुनुहुन्थ्यो जसले एकल सत्य ईश्वरको पूजा तर्फ बोलाउने गर्नु हुन्थ्यो।

## सत्य ईश्वर एक्लो पूजाको योग्य हुनुहुन्छ।

"र अल्लाहको पूजा गर र उहाँ सँग कसैलाई साझी नबनाउ। (कुरआन ४:३६)
इस्लाम धर्मले सबै प्रकारको पूजा र प्रार्थनाको कार्यहरू मात्र सत्य ईश्वरको लागि नै हुनु पर्छ भन्ने सिकाउँछ। अरू कोही पनि पूजाको योग्य छैन। न त मुर्त्तिहरू, चिहानहरू, सूर्य, चन्द्र, जनावर, सत्य ईश्वरको संन्देष्टा, संत, स्वर्गदूतहरू, पूजारीहरू वा धार्मिक विद्धवानहरू, यि सबै कुराहरूको सृष्टिकर्ता सत्य ईश्वर नै हुनुहुन्छ र यिनीहरू त्रुटिपूर्ण छन जबकी अल्लाह पूर्ण हुनुहुन्छ।

## सत्य ईश्वरलाई सिधैं पूजा गरिन्छ:

सत्य ईश्वरलाई कुनै सहयोगी वा मध्यस्थाको आवश्यक छैन। सबैले सधैं सत्य ईश्वरको पूजाको लागि सिधा जानु पर्छ। उहाँ सबैको सुन्नु हुन्छ र प्रशंसा गर्नुहुन्छ। अल्लाह तआलाको अप्रत्यक्ष रूपमा पूजा गर्नु (जस्तैः प्रतिमा, मुर्तिहरू आदि) अल्लाह तआलाको एकता र पूजाको शुद्धतामा जसको उहाँ एक्लो लायक हुनुहुन्छ त्यसमा सम्झौता मानिन्छ।

## सबै अगमवक्ताहरूले (संन्देशवाहक) सत्य ईश्वरको पूजा तर्फ बोलाए

'र मैले (सत्य ईश्वर) हरेक जातिमा एक अगमवक्ताहरूले (संन्देशवाहक) पठाएको छु, भन्दै,'अल्लाहको उपासना गर र झुठा देवताहरू देखि टाढा रह।" (कुरआन १६:३६)
मुसलमानहरूको विश्वास अल्लाहले पठाउनु भएको सबै अगमवक्ता (संन्देशवाहक) माथि छ। यी अगमवक्ता (संन्देशवाहक) हरूमा आदम, नूह, इब्राहीम, मुसा, ईसा मसिह, र मुहम्मद (उहाँ माथि शान्ति होस्।) समावेश हुनुहुन्छ। उहाँहरू सबै एउटै संन्देश लिएर आउनु भएको थियो, एक मात्र सत्य ईश्वरको माथि विश्वास र उहाँको पूजा गर्न आफ्नो अनुयायीहरूलाई बोलाउनको लागि।

## जवनको उदेश्य नै सत्य ईश्वरको पूजा गर्नु हो।

जिवनको परम उदेश्य नै सत्य ईश्वरको महानतालाई स्वीकार गर्नु हो, उहाँ सँग प्रत्यक्ष सम्बन्ध स्थपना गर्नु र एक्लै उहाँलाई पूजा गर्नु हो। इस्लाममा पूजाको अवधारणा प्रार्थना र व्रतको संस्कारमा सिमीत छैन, यो सबै कार्यहरूको नाम हो जो परमेश्वरलाई प्रसन्न राख्छ जस्तै, इमानदार, शिष्टाचार हुनु, न्याय गर्नु, धैर्यवान हुनु र खाँचो परेकालाई मदत गर्नु आदि।

निष्कर्ष, इस्लामको आधार सर्वशक्तिमान सत्य ईश्वरको एकता र विशिष्टतामा विश्वास गर्नु हो, जो सबैको सृष्टिकर्ता र प्रभु हुनुहुन्छ, आफ्नो हरेक विशेषतामा पूर्ण हुनुहुन्छ। उहाँ एक्लै सबैको पूजाको योग्य हुनुहुन्छ। त्यसैमा हाम्रो यो जीवन र अर्को जिवनको सफलता निहित छ।

www.islamicic.com WhatsApp +97156 2042 045
+971 4 3555 223 info@islamicic.com 25020 Dubai - UAE islamicicdxb
DONATIONS VIA SMS: SEND THE WORD "ISLAM" TO
10 AED 2289 Etisalat Du | 50 AED 2252 Etisalat Du | 100 AED 6027 Etisalat Du